लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# सहकारी दर्ता अधिकारीको कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

Email: oocr.lumbini@gmail.com
सम्पर्क नं. ०८२-५९०७३९

प. सं. ०८१।८२
च. नं. १५४

माथागढी गाउँ कार्यपालिका, पाल्पा
दर्ता नं २८९
मिति : २०८१।०७।३०

मिति:२०८१।०७।२९

श्री नगरपालिका सबै, लुम्बिनी प्रदेश, नेपाल ।
श्री गाउँपालिका सबै, लुम्बिनी प्रदेश, नेपाल ।

विषयः प्रतिवेदन कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धी संसदीय विशेष छानविन समितिको प्रतिवेदनका सुझाव तथा सिफारिसहरु कार्यान्वयन गर्ने गराउने भनी सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौंबाट लेखी आएको सन्दर्भमा यो पत्र लेखिएको छ। संघीय संरचना बमोजिम सहकारी संघसंस्थाको नियमन, दर्ता प्रशासन लगायतका कार्यहरु संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका नियामक निकायहरुवाट भइरहेको सन्दर्भमा सोही अनुरुप उक्त प्रतिवेदनका सुझाव तथा सिफारिसहरु कार्यान्वयन गर्नुपर्ने भएकोले देहायका सुझाव तथा सिफारिसहरु तहाँ न.पा./गा.पा.को नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संघसंस्थाहरुको हकमा कार्यान्वयन गर्ने, गराउने र त्यसको अनुगमन र कार्यप्रगतिको प्रतिवेदन समेत गर्ने व्यवस्थाका लागि अनुरोध छ।

देहाय

| क.सं. | सुझाव तथा सिफारिशहरु | सुझाव कार्यान्वयनका विषयहरु |
|---|---|---|
| १ | सहकारी दर्ता पूर्व पूर्व-प्रशिक्षणको सुनिश्चितता । | • सहकारी संघसंस्था दर्ता हुनुपूर्व सदस्यहरुलाई सहकारी सम्बन्धी प्रशिक्षण दिने निकायहरुवाट पूर्व प्रशिक्षणको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।<br>• सहकारी शिक्षा तथा प्रशिक्षण सम्बन्धी न्यूनतम निर्धारकहरु, २०८० पूर्ण रुपमा कार्यान्वयन गर्ने। |
| २ | सम्पत्ति शुद्धिकरण सम्बन्धी कानूनमा भएको पछिल्लो संशोधन बमोजिम सहकारी संस्थामा जम्मा हुने रकमको स्रोत खुलाउन निर्देशन जारी गर्ने। | • सम्पत्ति शुद्धिकरण सम्बन्धी कानूनमा भएको पछिल्लो संशोधन बमोजिम सहकारी संस्थामा जम्मा हुने रकमको स्रोत खुलाउने कार्यको प्रभावकारी रुपमा लागु गर्ने र सोको कार्यान्वयनको निरन्तर |

दर्ता अधिकारी

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# सहकारी दर्ता अधिकारीको कार्यालय
राप्ती उपत्यका(देउखुरी), नेपाल ।
Email: oocr.lumbini@gmail.com
सम्पर्क नं. ०८२-५९०७३९

प. सं. ०८१।८२
च. नं. १५८

| | | |
|---|---|---|
| | | अनुगमन मूल्याङ्कन गर्ने। |
| ३ | बैंक तथा वित्तीय संस्थाको उपस्थिति बाक्लो रहेका शहरी तथा अर्धशहरी क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई कम संख्यामा कायम राख्ने नीति लिई एकीकरणलाई प्राथमिकता दिने | • सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण र सदस्य केन्द्रियता कायम हुने गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको एकीकरणलाई प्रोत्साहन गर्ने गरी नीति तथा कार्यक्रम ल्याउने।<br>• एकीकरण प्रक्रियालाई पारदर्शी बनाई सदस्यहरुको सहमतीलाई अनिवार्य बनाउने। |
| ४ | उत्पादनमूलक र सेवामुखी सहकारीलाई प्रवर्द्धन गर्ने | • सहकारी संघसंस्थाहरुलाई सदस्य केन्द्रित र समुदायमा आधारित बनाई सदस्यकै सामूहिक प्रयासमा आर्थिक, सामाजिक, साँस्कृतिक उन्नयन गर्ने प्रयोजनका लागि उत्पादनमूलक र सेवामुखी सहकारी संस्थालाई प्रवर्द्धन गर्ने गरी आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई लागू गर्ने। |
| ५ | सहकारी संस्थाहरुले पूँजी प्रवाहको सन्तुलन देखाउन केही नक्कली ऋणीहरु खडा गर्ने वा चुक्ता गरिसकेका ऋणको लगत कट्टा नगर्ने जस्ता समस्या देखिएका छन् यसमा सुधार हुनुपर्ने | • सहकारी संघसंस्थाहरुको प्रभावकारी अनुगमन गरी सुझावमा लेखिए बमोजिम नक्कली ऋणीहरु खडा गर्ने वा चुक्ता गरिसकेका ऋणको लगत कट्टा नगर्ने सहकारी संघसंस्थाहरुलाई कारवाहीको दायरामा ल्याउने। |
| ६ | सहकारी सिद्धान्त, कानून र उद्देश्य विपरीत सञ्चालन भएका र निश्कृय अवस्थाका सहकारीको विघटन, खारेजी र लिक्वीडेशन गर्ने | • सहकारी सिद्धान्त, कानून र उद्देश्य विपरीत सञ्चालन भएका र निश्कृय अवस्थामा रहेका सहकारीको एकिकृत तथ्याङ्क तयार गर्ने।<br>• तथ्याङ्क प्राप्त भएपछि त्यस्ता सहकारीको विघटन, खारेजी र लिक्वीडेशन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। |
| ७ | सहकारी शिक्षा, तालिम र असल अभ्यासको प्रचारप्रसार गर्ने | • सम्बद्ध नियामक निकायहरु, सहकारी सम्बन्धी प्रशिक्षण दिने निकायहरु र सहकारी अभियानले संयुक्त रुपमा सहकारी शिक्षा, तालिम र असल अभ्यासको प्रचारप्रसार गर्ने। |

दर्ता अधिकारी

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# सहकारी दर्ता अधिकारीको कार्यालय
राप्ती उपत्यका(देउखुरी), नेपाल ।
Email: oocr.lumbini@gmail.com
सम्पर्क नं. ०८२-५९०७३९

प. सं. ०८१।८२
च. नं. ९५४

| | | |
|---|---|---|
| ८ | सहकारी संघसंस्थाहरुलाई पूँजी/वित्तीय परिचालन क्षमताका आधारमा क, ख र ग वर्गमा विभाजन गरी नियमन गर्न उपयुक्त हुने | • सुझाव अनुसार वर्गीकरण गर्न सहकारी अभियानको समेत राय सुझाव लिई उपर्युक्तानुसार वर्गीकरण गरी नियमन गर्ने व्यवस्थाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन तहाँको राय/सुझाव/धारणा यथाशिघ्र दर्ता अधिकारीको कार्यालय, लुम्बिनी प्रदेश र सहकारी विभाग, काठमाडौंमा उपलब्ध गराउने। |
| ९ | सहकारी पुनरूत्थान कार्यक्रम लागु गर्ने | • मुलुकको उत्पादन, आत्मनिर्भरता र औद्योगिक विकास प्रकृयामा सहकारी क्षेत्रको योगदान बढाउने।<br>• कतिपय सहकारीका कारण हाल गुमेको सहकारी क्षेत्रको विश्वास र साख पुनर्आर्जन गर्ने गरी क्रियाकलापहरु सञ्चालन गर्ने।<br>• बचत अपचलनकर्तालाई सजाय गर्ने।<br>• अपचलित रकम सम्वन्धितहरुबाट असुल उपर गर्ने। |
| १० | प्रभावकारी अनुगमन सुपरिवेक्षणका लागि आवश्यक स्रोत साधन सहित नियामक निकायमा विषयविज्ञ सहितको दरबन्दी र तत्काल पदपूर्तिको प्रवन्ध गर्ने | • नियामक निकायहरुमा स्रोत साधनको आवश्यक व्यवस्था गर्ने।<br>• विषयविज्ञ सहितको दरबन्दी सिर्जनाका लागि पहल गर्ने।<br>• रिक्त पदहरुको तत्काल पदपूर्ति गर्ने। |

(मधुकृष्ण पौड्याल)
दर्ता अधिकारी

**बोधार्थ**
श्री कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।
श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं।